ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक ३०६
२३ साउन २०८० मंगलबार
8 Aug. 2023, Tuesday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## बलात्कारको आरोपपछि बर्दिवासका एक व्यवासायी प्रहरी नियन्त्रणमा

खबर दर्पण समाचारदाता

**साउन २२ गते, बर्दिवास**

महोत्तरी। महोत्तरीको बर्दिबासमा बलत्कार प्रयासको घटना सार्वजनिक भएको छ। पीडित युवतीले बर्दिबासका रविन गौतम विरुद्ध बलत्कार प्रयास गरेको आर ोपसहित इलाका प्रहरी कार्यालय उजुरी दिए पछि यो घटना सार्वजनिक भएको हो।

गत साउन १६ मा पीडित युवतीले जाहेरी दिनासाथ प्रहरीले आरोपित गौतमलाई अनुसन्धानको लागि पक्राउ गरेको थियो। उनै गौतमलाई ५ दिन हिरासतमा राखेर आइतवार जिल्ला अदालत महोत्तरीमा बुझाएको छ।

पीडित भनिएकी युवती आरोपित गौतमको किराना पसलमा काम गर्ने गरेको थिइन्। पसलमा बसिरहेको वेला गौतमले बलत्कार प्रयास गरेको ती पीडित युवतीको आरोप छ।

उमेरले १७ वर्ष मात्र भएकी ती युवतीले काम गर्न लागेको १ महिना मात्र भएको थियो। ऋसुरुदेखि नजिक हुने र संवेदनशील अंगहरुमा छुने गर्दथे,ऋ उनले भनिन्।

युवतीको परिवारका अनुसार आर ोपित भनिएका गौतमले गरेको यौन हर्कतको विषयमा १५ गते थाहा भएको र १६ गते उजुरी दिइएको जनाएका छन्।

ऋपैसाको लोभ देखाएर पटकपटक यौन प्रस्ताव पनि राख्दा रहेछन्,ऋ पीडित युवतीका मामाले भने, ऋ हामीलाख पीडक रविनले धम्क्याए पनि, जे गर्न सक्छौ गर भनेपछि हामी प्रहरीकोमा पुगेका हौं।

उनका अनुसार गत साउन १५ गते स्कुटर किनिदिन्छु भन्दै स्टोर मा सामान लिन गएको बेला जवर्जस्ती गर्ने प्रयास गरेको पीडित युवतीले बताएकी छन्।

छोरीमाथि भएको अन्यायको लागि न्यायको लडाइ लडिरहेको र न्याय दिलाइ दिन पीडितका वुवाले अपिल गरेका छन्।

**पसलको सिसिटीभी फुटेज नै फर्म्याट**

युवतिमाथी गरिएका यौन हर्कतको प्रमाण नष्ट गर्ने उदेश्यले सिसिटिभी

*बाँकी पृष्ठ ३ मा*

## तीनवटा ‘मोड्युलर ओटी’ प्रयोगहीन, अपरेशनका बिरामी बाहिर पठाउँछ प्रादेशिक अस्पताल



शैलेन्द्र महतो

**साउन २२ गते, जनकपुर**

जनकपुरधाम उपमहानगरपालिका-१९ बेंगाशिवपुरका ३५ वर्षीय सञ्जय महरालाई ५ साउनमा मुजेलियामा ट्याक्टरले ठक्कर दियो ।

तिघ्रामा चोट लागेर प्रादेशिक अस्पताल जनकपुरमा भर्ना भएका उनलाई तिघ्रामा हड्डी भाँचिएको भन्दै चिकित्सकले स्टिल हाल्नुपर्ने बताए । त्यसका लागि ९ साउनमा शल्यक्रियाको समय पनि दियो । ज्याला मजदुरी गरेर गुजारा गर्ने महरासँग स्टिल किन्ने पैसा नहुँदा शल्यक्रिया नै भएन ।

१३ साउनमा सर्जिकल वार्डको बेड नम्बर ११७ मा भेट्दा पुनः साउन १५ गतेको समय दिएको बुबा श्रीकृष्ण महराले बताए । निःशुल्क स्टिल हालिदिने भनेर चिकित्सकले शल्यक्रियाको नयाँ मिति दिएको श्रीकृष्णको भनाइ छ ।

‘सरकारी अस्पताल छ । तर समयमा अपरेसन हुँदैन । हामी गरीब असहाय मान्छे । बिरामीले पाउने निःशुल्क खाना छोराले पाउँछ । म पनि त्यसैबाट खाएर कुरुवा बसेको छु’, श्रीकृष्णले भने, ‘ठक्कर दिने ट्याक्टर पक्राउ परेन । चाँडो अप्रेसन भए निको भएर छिट्टै घरजान पाइन्थ्यो ।’

यही वार्डको १२४ नम्बर बेडमा भर्ना भएकी थिइन् धनुषाको औरही गाउँपालिका-६ चक्करकी ६० वर्षीया फेकनी देवी मण्डल । साउन ९ गते सामाजिक सुरक्षा भत्ताको कामले वडा कार्यालय पुगेर फर्किने क्रममा ठेस लागेर लडेपछि उनको बायाँ खुट्टा भाँचिएको छ । त्यसै दिन भर्ना भएकी उनलाई पनि १५ साउनमा नै शल्यक्रिया गर्ने भनिएको छ । सरकारी अस्पतालमा शल्यक्रियाका लागि हप्ता दिन नै कुर्नुपर्ने कारणले फेकनीसँगै कुरुवा बसेकी बुहारी सुमित्रा र छोरा प्रदीप वाक्क दिक्क थिए ।

‘सरकारी अस्पतालमा हामी गरि बलाई यस्तै छ । धनी त बाहिर निजीमा र सोर्सफोर्स लगाएर यसैमा पनि तुरुन्तै अप्रेसन गराइहाल्छन् । हामी जस्ताले हप्तौं कुर्नुपर्छ’, फेकनीले दुखेसो गरिन् ।

अस्पतालमा हाल दुई वटा शल्यक्रिया कक्ष मात्र सञ्चालनमा छन् । त्यसैले शल्यक्रिया गर्नुपर्ने बिरामीका जटिलता हेरेर मिति निर्धारण गर्ने गरिएको चिकित्सकहरु बताउँछन् ।छिटो अपरेशन गुर्नपर्ने खालका बिर ामीहरु निजी अस्पतालमा उपचार गराउनुपर्ने बाध्यता छ ।

अस्पतालका निर्देशक डा. रामनरेश पण्डितका अनुसार सञ्चालनमा रहेको दुईवटा शल्यक्रिया कक्षमा एउटामा इमर्जेन्सी र प्रसुतिसम्बन्धी शल्यक्रिया हुन्छ ।

अर्कोमा तीन/तीन दिनमा अर्थोपेडिक (हाडजोर्नीसम्बन्धी) र सर्जरीका बिरामीको शल्यक्रिया हुन्छ भने एक दिन नाक, कान र घाँटी सम्बन्धी बिरामीको ।

‘बिरामीको चापले अहिलेको जनशक्तिबाट भ्याउन गाह्रो छ । तत्काले अपरेसन गर्नुपर्ने र प्रसुति गराउने अपरेशन इमर्जेन्सीबाै गर्ने गरिन्छ’, निर्देशक पण्डित भन्छन् ।

अस्पतालमा गत वर्ष निर्माण गरि एका तीनवटा विशिष्ट शल्यक्रिया कक्ष (मोडुलर ओटी) भने प्रयोगमा आउन सकेको छैन ।प्रादेशिक अस्पताल मधेश सरकारको सबैभन्दा ठूलो र गौरवको अस्पताल हो । पछिल्लो समय मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेको यस अस्पतालमा ३० भदौ २०७९ मा तत्कालिन सामाजिक विकास मन्त्री नवलकिशोर साहले नवनिर्मित तीनवटा मोडुलर अपरेशन थिएटरको उदघाटन गरेका थिए ।

इमरर्जेन्सी कक्ष रहेको भवनको पहिलो तल्लामा न्यूरो, अर्थो र जेनरल शल्यक्रिया कक्ष निर्माण गर्न ऋण्डै १० करोड रुपैयाँ खर्च गरि एको थियो । तर उद्घाटनको वर्षदिन पुग्न लाग्दा सञ्चालनको कुनै अत्तोपत्तो छैन ।

बरु गम्भीर प्रकृतिका बिरामीलाई पनि उपचार सम्भव नभएको भन्दै अन्यत्र रेफर गर्ने गरिन्छ । ऋन् न्यूरो सम्बन्धी सामान्य बिरामीलाई पनि उपचार नहुने भन्दै इमर्जेन्सी कक्षबाटै फर्काउने गरेको पाइएको छ ।

अस्पतालका इमर्जेन्सी ईन्चार्ज डा. शरद यादवका अनुसार दैनिक गम्भीर प्रकृतिका २ जनासम्म बिरामी बाहिर रेफर गर्ने गरिन्छ । न्यूरो र मुटुरोगको सर्जरी सम्बन्धी उपचारका लागि अन्यत्र रेफर गर्ने गरिएको उनको भनाइ छ ।

अस्पतालका निर्देशक डा. रामनरेश पण्डितले केही दिनभित्र तीनवटै अपरेशन थिएटर सञ्चालनमा ल्याउने प्रयास गरिरहेको बताए । केही साताअघि मात्रै अस्पतालका निर्देशकको जिम्मेवारी पाएका उनले भने, ‘जनशक्तिको अभाव छ । तर जनशक्ति व्यवस्थापन गरेर एकसाताामा तीनवटै मोडुलर ओटी सञ्चालनमा ल्याउने हाम्रो प्रयास छ ।’

शल्यक्रियामा ठूलो लगानी गरेपनि स–साना उपकरण खरिद र सञ्चालन गर्ने जनशक्तिमा प्रदेश सरकारले ध्यान दिएको छैन । तत्कालिन मन्त्री र कर्मचारीले कमिसनका लागि ठूला र महगा उपकरण खरिद गरे पनि त्यसको सञ्चालनमा ध्यान नदिएको एक कर्मचारीले दाबी गरे ।

*अनलाइन खबरबाट*



## सम्पादकीय

# शासन व्यवस्थालाई एउटा घेरामा राख्नुहुँदैन

शासन व्यवस्था सफल नहुँदा नागरिकले नेतृत्व क्षमतामाथि नै औंला उठाउँछन्।गणतान्त्रिक शासन व्यवस्थाले डेढ दशकको समयवाधि पार गरेको छ। यो शताब्दीकै सबैभन्दा सुन्दर शासन व्यवस्थासमेत हो। राजनीतिक परीक्षणका अलौकिक र सुन्दर स्वरूपहरूको उच्चतम अभ्यास नै गणतन्त्र हो। यस प्रकारको शासन बहालीसँगै नागरिकमा अपेक्षाहरू थिए र अझै पनि छन्। दूर सभ्यता र प्रगतिको आशा थियो। नागरिक जीवनमा सर्वपक्षीय उन्नयनहरूको उभारको प्रतीक्षा थियो। तर अझै पनि नागरिक चरम निराश छन्, सरकार तथा दलहरू नागरिकप्रति कमै उत्तरदायी भएको महसुस गर्छन्। पात्र, प्रवृत्ति र स्वार्थ नबदलिएको भन्छन्। नागरिकको आशा सार्थक बनाउने क्रममा शासन व्यवस्थाहरू निकै उदासीन र कम प्रभावीमात्र बनेको देखिन्छ।हामीले परिवर्तनलाई खाली एकोहोरो रूपमा हेर्‍यौं। शासनलाई एउटा घेरामा मात्र राख्यौं तर यस्का विशेष तीन पक्षहरू हुन्छन्। विभिन्न राजनीतिशास्त्रीहरूका पछिल्ला अनुसन्धानात्मक निष्कर्षले शासन व्यवस्थाको सफलता कुनै एउटा ठोस अवधारणा नभै विभिन्न आयामहरूको समष्टि रूप भएको देखाउँछ। एउटा मानिसलाई सफलताको उचाइ चुम्न शारीरिक, मानसिक, बौद्धिकलगायतका अन्य सबलताहरूको आवश्यकता रहन्छ। त्यसैगरी कुनै पनि शासन व्यवस्था सफल हुन विभिन्न तीन आयामहरूको उत्तिकै गहन प्रत्याभूति हुनुपर्छ। ती हुन्ः राजनीतिक, आर्थिक र सामाजिक/नैतिक आयाम।

राजनीतिक गतिविधिहरूको सघनता शासन व्यवस्थाको एउटा प्रमुख पक्ष हो। देशमा गणतन्त्र चलायमान रहेको आभास दिलाउन विभिन्न राजनीतिक गतिविधिहरूको प्रशस्त पुनरावृति हुनुपर्छ। हामीकहाँ राजनीतिक गतिविधिहरू सघन छन्। चुनाव भइरहन्छन्। नारा, जुलुस, भाषण, धर्ना निरन्तर छन्। राजनीतिक दल गठन/विघटन नियमित छन्। राजनीतिक हिसाबले त क्रान्तिका नयाँनयाँ दृश्यहरू देखिन्छन्। ६ पटक त नयाँ संविधान लेखियो।

आज संसारका कुनै पनि देशका नागरिकले पाउने उच्च वैयत्तिक स्वतन्त्रता हामीलाई प्राप्त छ। गाउँ, चोकसम्म राजनीतिका गफ हुन्छन्, सरकार गठन/विघटन नियमित छन्। सरकारी कर्मचारीदेखि विश्वविद्यालयसम्म राजनीतिक पार्टीहरूका संगठन छन्। एउटै अफिसभित्र दर्जनौं मजदुर संगठन बन्छन्। बन्द, हडताल, चक्काजाम, तोडफोड फेसन बन्दैछ। राजनीतिक आयामका हिसाबमा हाम्रो शासन व्यवस्था शतप्रतिशत चलायमान छ।

# बढ्दो तापक्रमको दुष्प्रभाव

पूर्णहरि अमात्य

नेपालमा यो वर्ष बढ्दो तापक्रमले सर्वोच्च शिखर सगरमाथाको काखमा रहेका नाम्चे (सोलुखुम्बु) देखि सम्पूर्ण तराई क्षेत्रमा बसोबास गर्ने स्थानीय हतप्रभ भएका छन् । सामान्यतया औसत रूपमा यस नाम्चे क्षेत्रमा ४/५ डिग्री सेल्सियस तापक्रम रहने गरेकोमा २६ जेठमा १५.२ डिग्री मापन गरिएको छ । त्यसै गरी हिमालपारिको जिल्ला जोमसोम (मुस्ताङ) मा पनि अधिकातम तापक्रम १९.२ डिग्रीबाट उक्लेर जेठ २६ गते २३.८ डिग्रीमा पुगेको छ ।

माथि उल्लिखित मितिमा मनसुनको मौसम प्रारम्भ भई जलवायुजन्य गतिविधि क्रमशः बढेर वर्षा हुनुपर्नेमा निस्क्रिय भइदिनाले मोरङदेखि बाँके जिल्लासम्म लु (तातो हावा) ले तराईवासी आक्रान्त छन् । मौसम तथा जलवायु विभागका अनुसार १८ जेठमा गौर (रौतहट) को अधिकतम तापक्रम ४३.८ रेकर्ड गरियो । हिमाल, पहाड र तराईमा यसरी तापक्रम ह्वात्त बढ्नाले हामीले अनेकौं समस्या भोग्नुपर्ने कटु यथार्थलाई गम्भीरतापूर्वक मूल्याङ्कन गर्नु समयानुकूल हुने छ ।

नेपालको प्रमुख पर्यटकीय गन्तव्यमध्ये एक पोखरामा जेठ २६ लाई २३ वर्ष यताकै सर्वाधिक ३५.९ डिग्री सेल्सियस पुगेको खबर सार्वजनिक भयो । हालयताका केही दिनदेखि मनसुन सक्रिय भई वर्षा हुन थालेकाले गर्मीबाट केही राहत मिले पनि हाँडी घोप्ट्याए गरी छोटो समयमा अत्यधिक वर्षा हुनाले पूर्वी पहाडको सङ्खुवासभा, ताप्लेजुङ, पाँचथर र धनकुटामा पाँच जनाको मृत्यु भएको छ भने २८ जना बेपत्ता भएका छन् ।

मौसम तथा जलवायु विभागले यो वर्ष अन्य वर्षको तुलनामा कम वर्षा हुने कम आकलन गरे पनि विगतमा झैं लामो झरी लाग्नुको साटो हाँडी घोप्ट्याए झैं गरी वर्षा हुनाले जनधन तथा भौतिक संरचनामा समेत ठुलो क्षति हुने प्रायः निश्चित झैं रहेको केही दिन पहिले पूर्वी पहाडमा बाढी पहिरोले पु-याएको क्षतिबाट पुष्टि हुन्छ । वर्षायाम प्रारम्भकै क्रममा रहँदा राजधानीको 'लाइफ लाइन' मानिने नारायणगढ-मुग्लिन लगायत अन्य राष्ट्रिय राजमार्ग पटक पटक बन्द भएका समाचार सामान्य झैं भएका छन् ।

तापक्रम बढ्नाले त्यसको कैयौं क्षेत्रमा नकारात्मक असर पर्छ । तराईका कैयौं जिल्लामा जेठ महिनामा पानी नपर्नाले किसानले धानको बिउ छर्न समेत सकेनन् र जसले बिउ जसोतसो सिँचाइ गरेर छरेका धानका बिउ बढ्दो तापक्रमले सुकेको बताए । हालसम्म पनि नेपाली किसान खेतीका लागि आकाशे पानीमा निर्भर छन् । कोशी, कर्णाली र गण्डकी जस्ता विशाल जलस्रोतका भण्डारको समुचित उपयोग हालसम्म हामीले पनि गर्न सकेका छैनौं । दक्षिणका छिमेकीले हिमालबाट उद्गम भई पहाड भित्री मधेश तराई हुँदै बगेका पानीले त्यहाँ हरित क्रान्ति (ग्रिन रेभोल्युसन) सम्भव भएको छ । हाम्रा किसान दाजुभाइ गर्मीमा सुक्खा र वर्षामा डुबान भोग्न बाध्य छन्, हाम्रो अकर्मण्यता तथा गैरजिम्मेवारीपनले कृषिप्रधान मुलुक भनिने नेपालले चाहिँ अर्बौंको चामल, गहुँ, मकै, फलफूल र तरकारी आयात गरी रहनु परेको छ । यो कस्तो बिडम्बना हो ?

बढ्दो तापक्रमले मुलुकका कैयौं जिल्लामा पानीको मूल सुक्नाले खानेपानीको अभावमा बस्ती नै स्थानान्तरण हुनुपर्ने स्थिति सिर्जना भएको छ । यो असार, साउनको झरीमा ह्यान्ड पाइप सुक्नु सामान्य कुरा होइन र यसले खानेपानीको समस्या मुलुकभरि विकराल भइसकेको प्रमाणित भएको छ । स्थानीयवासी खानेपानी किनेर खानुपर्ने र पानीको जोहो गर्न घण्टौं खर्चिनुपर्ने अवस्था छ । झन् तराई तथा भित्री मधेशका खोलानालाबाट अनधिकृत रूपमा नदीजन्य पदार्थहरू बालुवा, ढुङ्गा र गिट्टीको अनियन्त्रित उत्खननले पानीको समस्या विकराल समस्या हरेक वर्ष ग्रिष्म याममा हुने गरेको छ ।

पञ्चायतकालदेखि हालको गणतन्त्रसम्म आइपुग्दा छिमेकीलाई बिजुली निर्यात गरेर हामी समृद्ध हुने छौं भन्ने भाष्यको खुबै चर्चा ग-यौं, जुन आजसम्म पनि जारी छ । पानीको बहुपयोगका बारेमा जनस्तरमा खासै बहस भइरहेका छैनन् । जलस्रोतविज्ञ अजय दीक्षितका अनुसार सिँचाइ, जलविद्युत्, खानेपानी, व्यवस्थापन गर्ने सङ्गठन एक अर्कासित समन्वय नगरी आफ्नो ढङ्गले काम गर्छन् । जनसङ्ख्यामा तीव्र बढोत्तरी, बालीनाली उत्पादनका लागि सिँचाइ र खानेपानी बढ्दो पानीको मागलाई सम्बोधन गर्दै पानी, सिँचाइ, भोजन (अन्नबाली, फलफूल, तरकारी) र ऊर्जाको नेक्ससलाई कसरी समन्वय गरी अघि बढ्ने कुरामा हामी सचेत देखिँदैनौं ।

नेपालसित सिमाना जोडिएका विशाल जनसङ्ख्या भएको भारतको पश्चिम बङ्गाल, उत्तर प्रदेश र विहारमा विभिन्न प्रयोजनको बढ्दो पानीको मागलाई सम्बोधन गर्न नदीहरू जोड्ने (रिभर लिङकिङ) परियोजनामा भारत सक्रिय भई कार्य गरी रहेको बारे हामी बेखबर जस्तै अन्यमनस्कको स्थितिमा छौं, त्यसबारे सम्बन्धित विज्ञले बहस मात्र गरेको सुनिन्छ । जनस्तरमा यसबारे मुलुकभित्र चर्चा हुने गरेका छैनन् ।

इन्टर गर्भमेन्टल प्यानेल अन क्लाइमेन्ट चेञ्ज (आइपिसिसी) को एउटा अध्ययन अनुसार बढ्दो तापक्रमले गर्दा बालीनालीको उत्पादकत्वमा समेत असर परिरहेको जनाएको छ । एसियाली विकास बैङ्क कि वरिष्ठ कृषिविज्ञ मिचिको काटागामी तापक्रम र प्रदूषणले गर्दा बालीनालीमा पर्ने प्रतिकूल असरबारे यसो भन्नु हुन्छ । "हाल पर्यावरणमा कार्बनडाइक्साइडको बढ्दो मात्राले खाद्यान्नको पोषक त□वमा कमी आएको छ र एसियामा भोकको समस्यालाई जटिल बनाएको छ।" केही वर्ष पहिले वैज्ञानिक पत्रिका नेचर अमेरिका, अस्ट्रेलिया, र जापानमा गरिएको एक अध्ययनले धान, गहुँ, मकै, केराउ, भटमास र कोदो जस्ता बालीमा उच्च तापक्रमले त्यसमा पाइने पोषकमा प्रभाव पार्ने जानकारी गराएको छ ।

इसिमोडले हालै वाटर (पानी) आइस (हिउँ), सोसाइटी (समाज) र इकोसिस्टम (पारिस्थितिक प्रणालीहरू) को हिन्दकुश हिमालय क्षेत्रमा वायुमण्डल, पानी, जैविक विविधताको अन्तरसम्बन्ध तथा द्रुतगतिमा ग्लेसियर (हिमनदी) र हिउँको मानिस र प्रकृतिउपर कस्तो प्रभाव परिरहेको सजीव चित्रण गरेको छ । विगतको दशकभन्दा अघि सन् २०१० सम्ममा हिमालयका हिउँ नदी ६५ प्रतिशतका दरले ह्रास आएको जनाएको छ । यो शताब्दीको अन्त्यसम्ममा हिउँनदीमा ८० प्रतिशतले न्यूनता हुने छ । उक्त संस्थाको अध्ययन अनुसार परिवर्तित वायुमण्डलको प्रभाव हिमाली क्षेत्रका संवेदनशील बासस्थानमा विशेष जटिल हुने देखाएको छ । मानव सिर्जित यो विकराल समस्याबाट मुक्त हुन तत्काल अन्तर्राष्ट्रिय समर्थन, क्षेत्रीय सहयोग अपरिहार्य छ, जसले आउँदो समयमा हुने क्षति तथा विध्वंशबाट जोगाउँदै समुदायलाई अनुकूलनतर्फ उन्मुख होस् ।

नेपालको तापक्रम वृद्धि हुनुमा कुनै भूमिका छैन भने पनि हुन्छ । उदीयमान अर्थतन्त्र भएका छिमेकी चीन र भारतमा कोइला बालेर अनि खनिज तेलको बढ्दो उपभोगले पर्यावरणमा नकारात्मक असर हामीले भोग्नु परेको सम्बन्धमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चमा सशक्त ढङ्गले आवाज उठाउन सकेका छैनौं ।

*गोरखापत्रबाट*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाइट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०


एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# तानिएलान् त पूर्वप्रधानमन्त्रीहरु? सीआईबी भन्छ–अनुसन्धानको दायरामा आउने प्रक्रियालाई स्वभाविक मान्नुपर्छ

**खबर दर्पण समाचारदाता**

**साउन २२ गते, काठमाडौं**



सर्वोच्चका अदालतका न्यायाधीश अनिलकुमार सिन्हा र कुमार चुडालको आइतबारको इजालसले मन्त्रिपरिषद्का निर्णयहरु पनि छानबिनका दायरामा आउनुपर्ने आदेश दियो।

बालुवाटारस्थित ललिता निवासको १४३ रोपनी सरकारी जग्गा हिनामिना प्रकरणमा तत्कालीन प्रधानमन्त्रीहरुमाथि पनि अनुसन्धान हुनुपर्ने भन्दै योगराज न्यौपानेको तर्फबाट श्रृजना सिन्धुले दायर गरेको रिटमा फैसला गर्दै सर्वोच्चले मन्त्रिपरिषद्का निर्णयहरुमाथि अनुसन्धान गर्ने बाटो खुला गरि दिएको छ। योगराज न्यौपानेको तर्फबाट दायर गरेको बन्दी प्रत्यक्षीकरणको निवेदनमा नीति निर्मातामाथिसमेत अनुसन्धान गर्न आदेश दिइएको हो।

आदेशमा भनिएको छ, '२०६६ चैत २९ र २०६७ वैशाख ३१, २०६७ साउन २८ तथा २०६९ असोज १८ को नेपाल सरकारको मन्त्रिपरिषदको निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष रुपमा संलग्न हुनेहरु, मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेश गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहका पदाधिकारी वा अधिकारीको पदसोपान (अनुसन्धानकर्ताको सवाल बमोजिमको 'पिरामिड'को माथिल्लो तह) बाटसमेत गरी अब उप्रान्तको थप अनुसन्धान कार्य अविलम्ब सम्पन्न गर्नु/गराउनु भनी प्रत्यर्थीहरुको नाममा यो आदेश जारी गरिदिएको छ।'

माधव नेपाल नेतृत्वको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री निवास विस्तार गर्ने भन्दै नक्कली मोहीलाई सरकारी जग्गा सट्टा भर्ना दिएको थियो। त्यस्तै बाबराम भट्टराई नेतृत्वको मन्त्रिपरिषद् बैठकले अस्तित्वमै नरहेको पशुपति टिकिन्छा गुठीका नाममा ललिता निवासको जग्गा दर्ता गर्न सैद्धान्तिक स्वीकृति दिएको थियो। त्यस्तै मन्त्रिपरिषदको निर्णय प्रमाणित गर्ने तत्कालीन मुख्य सचिवहरु माधवप्रसाद घिमिरे र लीलामणि पौडेल पनि अनुसन्धानको दायरमा पर्ने भएका छन्। घिमिरेको सडक दुर्घटनामा निधन भइसकेको छ।

सर्वोच्चको यो फैसलालाई स्वागत गर्दै आफू मान्न तयार रहेको पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले बताइसकेका छन्। सामाजिक सञ्जालमार्फत उनले सर्वोच्चको फैसला मान्ने र अनुसन्धानमा सहयोग गर्ने बचन दिएका छन्। यसअघि आफूले यो विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयान दिइसकेको र आफ्नो संलग्नता नरहेको उनको प्रष्टीकरण छ।

यही विषयमा अर्का पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पनि आफू फैसलाको बारेमा जानकार रहेको बताएका छन्। नेपाल भने अहिले करिब १० दिन लामो विदेश भ्रमणमा निस्केका छन्। पूर्वनिर्धारित कार्यक्रममा आफू विदेश भ्रमणमा निस्केको उनले जानकारी दिएका छन्।

नेपालको सचिवालयले सामाजिक सञ्जालमा लेखेको छ, 'हिजो सर्वोच्च अदालतबाट भएको फैसलाका सन्दर्भमा उहाँ जानकार हुनुहुन्छ। सबै प्रकारका भ्रष्टाचार एवम् अनियमितताको निष्पक्ष छानबिन गरी दोषी उपर कडा कारबाही हुनुपर्छ र मुलुकमा सुशासन कायम गर्नुपर्छ भन्ने कुरामा उहाँको दृढ मान्यता रहेको छ।' नेपाल भदौ १ गते स्वदेश फर्किने बताइएको छ। नेपालको सचिवालयले सर्वोच्चको फैसलाबारे जानकार रहेको भन्दै अनुसन्धानमा सहयोग गर्ने आशयको धारणा राखेको छ। जसकारण यी दुई पूर्वप्रधानमन्त्रीहरुले अनुसन्धानमा सहयोग गर्ने बताइसकेका छन्।

अदालतले पनि अनुसन्धान गर्न आदेश दिनु र दुई पूर्वप्रधानमन्त्री स्वयम्लेसमेत अनुसन्धानमा सहयोग गर्ने बचन दिएकाले यो प्रकरणको अनुसन्धान गरिरहेको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)लाई अनुसन्धान गर्न थप सहज हुने देखिन्छ।सर्वोच्चको यो फैसलापछि अनुसन्धानको जिम्मेवारी पाएको नेपाल प्रहरीका आईजी बसन्तबहादुर कुँवर र महान्यायाधिवक्ता दिनमणि पोखरेलबीच छलफलसमेत भएको छ। महान्यायाधिवक्ता कार्यालयमा यी दुईबीच सोमबार 'वान टु वान' छलफल भएको छ। अबको अनुसन्धान कसरी अघि बढ्छ र को-कोसम्म अनुसन्धान पुग्छ भन्ने विषयमा छलफल केन्द्रित भएको स्रोतले जनाएको छ।

यसअघि नै यो प्रकरणमा जोडिएका व्यक्तिहरु पक्राउ परेर हिरासतमा छन्। त्यसमाथि सर्वोच्च अदालतलेसमेत आदेश दिएपछि प्रहरीलाई उनीमाथि अनुसन्धान गर्न थप सहज भएको छ। सर्वोच्चको आदेशपछि उनीहरु पनि अनुसन्धानको दायरामा तानिएलान् त भन्ने प्रश्नमा सीआईबीका एक उच्च अधिकारी भन्छन्, 'अदालतले उनै आदेश दिएपछि अनुसन्धानको दायरामा आउने प्रक्रियालाई स्वभाविक रुपमा लिनुपर्छ।'

त्यसो त यसअघि नै उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुरक्षा पत्रकारहरुको एक अन्तक्रिया कार्यक्रममा ललिता निवास प्रकरणमा कसैलाई पनि तान्ने वा नतान्ने भन्दा पनि तथ्य र प्रमाणले भेटेसम्मकालाई अनुसन्धानको दायरामा ल्याउन आदेश दिइएको बताएका थिए। उनले भनेका थिए, 'ललिता निवास प्रकरणमा प्रहरीलाई हाम्रो स्ट्याण्डबाई निर्देशन छ-तथ्य र प्रमाणले भेट्छ भने जो पनि ल्याउनुस्।'सरकारको नेतृत्व, गृह प्रशासनदेखि सर्वोच्च अदालतसम्मले अनुसन्धानका लागि बाटो खुला गरि दिएपछि दुई पूर्वप्रधानमन्त्रीसहितका व्यक्तिहरु अब अनुसन्धानमा तानिन्छन् वा तानिँदैनन् त्यो भने हेर्न बाँकी नै छ।

## बलात्कारको आरोपपछि महोत्तरीका...

फुटेज नै फर्म्याट गरेको पाइएको छ। प्रहरीले थप प्रमाण बटुल्न सिसिटिभीमा कैद भएको भिडियो चेकजाँच गर्ने क्रममा डिलेट गरिएको पाइएको हो।

अहिले गौतमको पसलमा भएको सिसिटिभीको हार्ड डिस्क प्रहरीले नियन्त्रण लिएको छ। हार्ड डिस्क रिकभरको प्रक्रियामा रहेको इलाका प्रहरीले जनाएको छ।

यता आरोपित गौतमले भने आफ्नो काम गर्ने कर्मचारीलाई कुनै पनि यौनजन्य कार्य नगरेको प्रहरीलाइ बयान दिएका छन्। बिदेश जाने तर्खर गरेको र पैसाको लागि आफूलाइ सुनियोजित रुपमा फसाइएको बयान दिएको प्रहरी स्रोतले वताएको छ। यदपी कसैलाई अन्याय नहुने गरी छानविनलाई निष्कर्षमा पुऱ्याउने प्रहरीको भनाइ छ।

**बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।**


## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौँ ।**

### लक्षणहरु



- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

### रोकथामका उपायहरु

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौँ।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैँ निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौँ ।**

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल



## औरही नगरपालिका महोत्तरीको जनहितमा जारी सूचना

**आँखा पाक्ने रोगका प्रमुख लक्षणहरु :**

- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरै चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टासिने ।
- आँखाबाट आसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने/बिझाउने ।
- घाम तथा उज्यालो प्रकासमा हेर्न समस्या हुने ।



**आँखा पाक्ने रोगबाट बच्ने उपायहरु :**




- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनु भन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरूले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**आँखा पाक्ने रोग लागिहालेमा के गर्ने :**



- पटक पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।



सामान्यतया यो रोग १ हप्ता भित्रमा आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त नजिकको स्वास्थ्य संस्था वा चिकित्सकसंग परामर्श गरौं ।

# समरस नेपालको संस्कृति रक्षा उद्घोष




**खबर दर्पण समाचारदाता**

**साउन २२ गते, जनकपुर**

समरस नेपाल नामक संगठनको नेतृत्वमा "संस्कृति रक्षा उद्घोष" कार्यक्रम सम्पन्न भएको छ । श्रावण महिनाको पवित्र सोमवारका दिन महोत्तरी र धनुषाको बाह्र महादेव मठहरुमा समरसको मूल उदेश्य 'सेवा, संस्कृति सुरक्षा' लाई केन्द्रमा राखी सनातनी नाराहरु लगाएका छन् । महोत्तरीको पाटु कपिलेश्वर महादेव, टूटेश्वरनाथ महादेव, मगर थाना मंगलनाथ महादेव, पंचधूरा माई स्थान, जलेश्वरनाथ महादेव र पवित्र स्थल मटिहानीको साथै धनुषाको जनकपुरधाम, प्रानेश्वर नाथ ईटहर्वा, औरही, सतोषर महादेव, धनुषाधाम र क्षिरेश्वरनाथ महादेव महेन्द्रनगर सहितका स्थानमा एकसाथ र एकसमय मा संस्कृति रक्षा उद्घोष गरिएको छ । समरसका संयोजक चन्दन दुबेका अनुसार सनातनी धर्म, मूल्य, मान्यताको मर्म संरक्षणार्थ समर सले माथि उल्लेखित क्षेत्रहरुमा बढ्दै गएको धर्मान्तरणलाई ध्यानमा राखी यो जाग्रण अभियानको अनुष्ठान गरिएको छ । र आधुनिकताको नाममा देशमा व्याप्त सामाजिक, आर्थिक, सांस्कृतिक बेतिथी अन्त्यका लागि यो उद्घोष गरेको जानाकारी समरसका संयोजक चंदन दुबेले जानकारी गराए । उनले थप्दै भने की, सनातन धर्मको मूल्यमान्यता, ग्रन्थ र साहित्यको गलत व्याख्या र भौगोलिक विभाजन को प्रयासहरुको बिरोध पनि हो यो उद्घोष ।

नेपालमा सस्तो लोकप्रियताको नाममा कहिले सीता त कहिले र ामको जन्म स्थललाई बिवादको मुद्दा बनाउन खोज्ने शक्तिहरुबाट सचेत रहन समेत आह्वान गरिएको छ । समरसले धनुषा र महोत्तरीका यिनै १२ शिवालय नै किन राज्यो भन्ने जिज्ञाशामा संयोजक दुबेले यसलाई केही समयका लागि भविष्यको गर्वगृहमा रह्न दिउँ भनी जवाफ फर्काए । करिब दुई सय जनाको उपस्थीतिमा गरिएको संस्कृति र क्षा उद्घोषको सांगठनिक संरचना र कार्ययोजनाहरु सहित आजको समयमा सनातनी मूल्य मान्यतामा आधारित संकल्पहरु साझा गरिनेछ ।

# सर्लाहीमा विषालु सर्पले डस्दा बालकको मृत्यु

**खबर दर्पण समाचारदाता**

**साउन २२ गते, सर्लाही**

सर्लाहीमा विषालु सर्पले डस्दा एक बालकको मृत्यु भएको छ । सर्लाहीको चन्द्रनगर गाउँपालिका ५ महोनपुर घर भएका नजामुद्दिन अन्सारीका १२ वर्षीय छोरा नुर सैद्दको विषालु सर्पले टोक्दा मृत्यु भएको हो ।चन्द्रनगरकै श्रीनगर स्थित मावली घरमा बसेर पढ्दै आएका बालकलाई आइतबार र ाति सुतेकै ठाउँमा करेट प्रजातिको विषालु सर्पले टोकेको थियो । राति बालकसँगै सुतेका अन्य बालबालिकाले नुरसैद्दलाई कालो सर्पले कानमा टोकेको जानकारी अभिभावलाई गराएपछि उनलाई उपचारको लागि सुरुमा नवलपुर स्थित सर्पदंश उपचार केन्द्रमा लगिएको थियो। त्यतिबेलासम्म बालक सर्पको विषले लठ्ठ परि सकेका थिए ।

बालकलाई भेन्टिलेटरमा राखेर उपचार गर्नुपर्ने अवस्था देखेपछि नवपुरका स्वास्थ्यकर्मीले उनलाई तुरुन्तै प्रादेशिक अस्पताल जनकपुर लैजान सुझाव दिएका थिए ।

जनकपुरमा उपचारकै क्रममा र ाति नै बालकको मृत्यु भएको हो। बालकको उपचारमा ढिलाई भएकाले उनको मृत्यु भएको उपचारमा संलग्न चिकित्सकले बताएका छन्।

सर्पदंश उपचार केन्द्र नवलपुरमा पनि आईसीयू र भेन्टिलेटर मेसिन भने छ। तर, दक्ष प्राविधिक जनशक्तिको अभाव हुँदा त्यो भेन्टिलेटर चार वर्षदेखि कोठामा थन्क्याएर राख्ने गरिएको छ।

# मैथिली भाषालाई कामकाजी भाषाको मान्यता दिन माग



**खबर दर्पण समाचारदाता**

**साउन २२ गते, जनकपुर**

मैथिली भाषालाई मधेश प्रदेशको कामकाजी भाषाको रुपमा कार्यान्वयन गर्न सरकारलाई ज्ञापन पत्र र हस्ताक्षर संकलन बुझाइएको छ । अप्पन विराटगढ परोपकार समाजसहितका संस्थाले संयुक्त रुपमा आइतबार मधेश प्रदेशकी मन्त्री सुरिता साहलाई ज्ञापन पत्र बुझाएको हो ।

समाजका अध्यक्ष बसुन्धरा झाले मैथिली भाषाप्रति षड्यन्त्र भइ र हेको भन्दै मैथिली भाषा, कला, संस्कृति, साहित्यको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन गर्न सरकार उदासीन देखिएको आरोप लगाएकी छन् ।

मधेश प्रदेशका बिना विभागीय मन्त्री सुरिताकुमारी साहलाई आइतबार ज्ञापनपत्र बुझाउँदै उनले मैथिली भाषालाई कामकाजी भाषाको रुपमा मधेश प्रदेशमा भाषा आयोगले सिफारिस गरेको भए पनि निजी स्वार्थ भएकाहरुले मैथिली भाषाबाट जीविकोपार्जन गरे पनि हाल हिन्दीलाई कामकाजी भाषा बनाउनुपर्ने सल्लाह र सिफारिस मा उद्यत रहेको आरोप लगाएकी छन्।

मधेश प्रदेशमा बहुसंख्यक मै थिली भाषा भाषीहरुको बसोबास भएकाले मैथिलीको पहिचान, मै थिलीको अस्तित्वको रक्षा गर्न एक कदम पनि पछाडि नहटे उनले बताइन् । यस विरुद्ध षड्यन्त्र गर्नेहरुलाई पनि उनले सचेत गराइन् ।

साथै उनले प्राथमिक तहदेखि नै मैथिली भाषामा पठन पाठन गर ाउन माग समेत गरिन् । उनले कठोर पर्वको रुपमा रहे को जितिया पर्वलाई राष्ट्रिय पर्वको रुपमा मान्यता दिइ सार्वजनिक विदाको घोषणा गर्नुपर्ने मागसमेत गरे की छन् ।

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२० प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

**रूफटप होटल एण्ड गेष्ट हाउस**

**मिटिङ्ग हल, पार्टी पैलेश**

गौशाला नगरपालिका- ३, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

**डेंगुबाट कसरी बच्ने?**

बाहुला भएको/ शरीर ढाकिने लुगा लगाउने

दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने ।

साना केटाकेटीलाई जुनसुकै समयमा झुलभित्र सुताउने ।

लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ।

घरका झ्याल ढोकामा जाली लगाउने ।

**डेंगुको उपचार के ?**



डेंगु विरुद्धको कुनै औषधि नै बनेको छैन ।

डेंगु लाग्दा चिकित्सकको उच्च निगरानीमा बस्नुको विकल्प नै छैन ।

डेंगु लाग्दा मनलाग्दी औषधि सेवन गर्नुहुन्न ।

एन्टिबायोटिकको प्रयोग झनै घातक हुन सक्छ ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल

# सिँचाइ गर्ने क्रममा करेन्ट लागेर एकजनाको मृत्यु

**सप्तरी** / सप्तरीमा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ ।आइतबार रुपनी गाउँपालिका ५ घुरगाम टोल बस्ने उपेन्द्र रामको श्रीमती ५१ वर्षीया पानो देवि रामको मृत्यु भएको छ ।

प्कनोलाई आफ्नै धान खेतमा पानी पटाउने मोटरको तार जोडने क्रममा करेन्ट लागेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।यस सम्बन्धमा थप अनुसन्धान भैरहेको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिए ।

बालबालिकाहरुलाई अनिर्वा विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

मठिहानी नगरपालिका कार्यालय
महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा